स्थानीय राजपत्र
ताँजाकोट गाउँपालिका
कर्णाली प्रदेश

खण्ड : २ संख्या : ५ मिति : २०७५/०९/१५

## ताँजाकोट गाउँकार्यपालिका

# ताँजाकोट गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी ताँजाकोट गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने** : प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

२. **नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस ताँजाकोट गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा

सिभिल ईन्जिनियर/सव ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

## ३. इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्बन्धित गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ। यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई

प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४. इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्बन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५. इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था** : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६. प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७. बचाउ** : यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची–१

**(कार्यविधि को दफा २ को उपदफा (१) संग सम्बन्धित)**

# ईजाजतपत्रको लागि दिईने दरखास्त

**विषय : इजाजतपत्र पाऊँ भन्ने बारे ।**

**दरखास्तवालाको फोटो**

श्री ताँजाकोट गाउँपालिकाको कार्यालय
छप्रेला, मैला, हुम्ला ।

यस ...................................... कार्यालयको कार्यविधि .......... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. **दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,–**
नाम :
ठेगाना : पोष्ट बक्स :
टेलिफोन नं.: फ्याक्स नं. ईमेल :

२. **फर्म वा कम्पनीको प्रकृति**
☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी ☐ साझेदारी
*(कोष्ठमा रेजा लगाउनु पर्नेछ)*

३. **सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको**
नाम, थर :
ठेगाना : पोष्ट बक्स :
टेलिफोन नं.: फ्याक्स नं. ईमेल :

४. **फर्म वा कम्पनीको विवरण :**
दर्ता नं.: दर्ता मिति :
अधिकृत पूँजी : जारी पूँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. **इजाजतपत्र लिन चाहेको वर्ग :** (घ) वर्ग

६. **समूहीकरण हुन चाहेको समूह :**

७. **आर्थिक स्रोतको विवरण :**

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

*उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।*

**८. कामदारको विवरण :**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

*प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।*

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेसिनरी औजारको विवरण :**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य :** यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :**

| सि. नं. | निर्माण सम्बन्धी कामको विवरण | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :**

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप :

दरखास्तवालाको,-
दस्तखत :-
मिति :-

**द्रष्टव्य :** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची–२

**(कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्वन्धित)**

# उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत पत्र दस्तुर | इजाजत पत्र नवीकरण | इजाजत पत्र नवीकरण थप दस्तुर | इजाजत प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| **१** | **घ** | **रू. २०००।-** | **रू. १०००।-** | **रू. २०००।-** | **रू. ५००।-** |

**द्रष्टव्य :** "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउँदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

## अनुसूची–३

**(कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित)**

# इजाजतपत्र

ईजाजतपत्र नं. .......                                        मिति : ..................

## ताँजाकोट गाउँ कार्यपालिकाको कार्यालय

**छप्रेला, मैला, हुम्ला**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............. स्थित कार्यालय भएको ........................ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

ईजाजतपत्र दिनेको,-
दस्तखत :
नाम :
पद :
मिति :
कार्यालय :

**नवीकरण**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारी दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची–४

# निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का विवरण | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amoun | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का | |
| | | | | | .......... | .......... | | | .......... | .......... | |
| | | | | | ख) सम्झौता मिति | ख) पद | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम : | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | .......... | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न % | | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | .......... | .......... | .......... | .......... | .......... | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद | पद | |
| | | | | | | | .......... | .......... | .......... | .......... | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .......... | | .......... | .......... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .......... | .......... | |

## अनुसूची–५

# "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण** :

(क) ट्रिपर/टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**<u>द्रष्टव्य :</u>**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले,

**विष्णुबहादुर शाही**

प्रमुख प्रशासकीय अधिकृत